"गेरुवा गाउँपालिका निर्माणको आधारः कृषि, पर्यटन र पूर्वाधार"

# आर्थिक वर्ष २०८३/०८४ को

# बजेट वक्तव्य

गेरुवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पशुपतिनगर बर्दिया

# गेरुवा गाउँपालिका उपाध्यक्ष

# श्री लक्ष्मी कुमारी चौधरी द्वारा

# गेरुवा गाउँसभाको २० औं अधिवेशनको दोस्रो बैठकमा

# प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३/०८४ को आय/व्यय अनुमानको

# बजेट बक्तव्य




## गेरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## पशुपतिनगर बर्दिया।

## मिति २०८३ असार १० गते बुधबार

**आदरणीय यस गाउँसभाका सभा अध्यक्ष एवं गेरुवा गाउँपालिकाका अध्यक्ष ज्यू**

**यस गाउँसभा सदस्य ज्यूहरु, सभाका सचिव एवं यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यू, राष्ट्रसेवक कर्मचारीज्यूहरु, सम्पूर्ण गेरुवावासी नागरिक दाजुभाई दिदि बहिनीहरु र स्वदेश तथा विदेशबाट यस कार्यक्रममा जोडिनु भएका सम्पूर्ण शुभेच्छुक महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु।**

आज हामी गेरुवा गाउँपालिकाको गाउँ सभाको २० औं अधिवेशनको महत्वपूर्ण दोस्रो बैठकमा उपस्थित भएका छौं। यस गरिमामय सभामा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको धारा २३० एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम गेरुवा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८३/०८४ को आर्थिक विधेयक, विनियोजन विधेयक र वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरिएको छ। हालसम्मको प्राप्त उपलब्धिलाई संस्थागत गर्दै गेरुवावासी नागरिकको समुन्नत विकास, सुशासन र समृद्धि प्रतिको आकांक्षालाई सम्बोधन गर्ने मूल उद्देश्यका साथ प्रस्तुत बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।
यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा नागरिकको अधिकार स्थापना, स्वतन्त्रताको उपभोग र समाजको आमुल परिवर्तनका लागि भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जिवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान सहित श्रद्धासुमन अर्पण गर्दछु।

नेपालको संविधान प्रचलित कानुन तथा संघीय शासन प्रणालीको मुल मर्म अनुसार स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकारको रुपमा स्थापित भएको छ। यही जिम्मेवारीलाई आत्मसात गर्दै गेरुवा गाउँपालिकाले व्यवस्थापकीय, कार्यकारी तथा न्यायीक अधिकारको प्रभावकारी प्रयोग गर्दै जनमुखी सेवा प्रवाह, सुशासन प्रर्वद्धन र विकास निर्माणका कार्यलाई प्राथमिकताका साथ अगाडी बढाउँदै आएको छ। यस कार्यकालको अन्तिम बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हामिले तय गरेका लक्ष्य, जनतासामु गरेका प्रतिवद्वता र प्राप्त उपलब्धिहरुको समिक्षा गर्ने महत्वपूर्ण अवसर पनि प्राप्त भएको छ। यस अवधिमा संघीय सरकार, प्रदेश सरकार, विभिन्न विकास साझेदार निकाय तथा सरोकारवालाहरुको सहयोग, समन्वय र सहकार्यबाट गेरुवा गाउँपालिकाको विकास यात्राले महत्वपूर्ण गति लिएको हामि सबैले महशुस गरेका छौ।

**आदरणीय सभा अध्यक्ष ज्यू**

**अब म चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयनको अवस्था र आर्थिक स्थितिका बारेमा संक्षिप्तमा जानकारी गराउँद छु।**

चालु आर्थिक वर्ष २०८२/०८३ को लागि गाउँपालिकाको कुल प्रस्तावित बजेट (संशोधन सहित) रु. ६१ करोड ६० लाख ४६ हजार ९ सय ८५ रहेको थियो। जसमध्ये २०८३ असार ८ गते

सम्म चालु तर्फ विनियोजित भएको ३८ करोड २७ लाख ५१ हजार ८७ रुपैयाँ मध्ये रु. २५ करोड १९ लाख ४८ हजार ७ सय ३० खर्च भै ६५.८३ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ भने पूँजिगत तर्फ विनियोजित भएको रु. २३ करोड ३२ लाख ९५ हजार ८ सय ९७ मध्ये रु. ९ करोड ३२ लाख ५८ हजार ६ सय ८४ खर्च भै ४० प्रतिशत वित्तीय प्रगति भएको छ। भने समग्रमा ५६.०५ प्रतिशत वित्तीय प्रगति भएको छ। गत आर्थिक वर्ष सोही अविधमा चालु तर्फ ७१.९८ प्रतिशत र पूजीगत तर्फ ४५.९६ प्रतिशत गरी समग्रमा ६४.०७ प्रतिशत वित्तीय प्रगति भएको थियो।

**हाम्रा केही अभ्यास तथा उपलब्धिहरु**

आदरणीय सभा अध्यक्षज्यू तथा सभा सदस्यहज्यूहरु,

- "गेरुवा गाउँपालिका निर्माणको आधारः कृषि, पर्यटन र पूर्वाधार" को नारालाई आत्मसात गरी कृषि, पर्यटन, पूर्वाधार, शिक्षा, स्वास्थ्य, संस्थागत क्षमता विकास तथा सुशासनका क्षेत्रमा देखिने गरी सुधारका प्रयासहरु भएका छन्। सडक पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै पालिकाको अधिकार क्षेत्र भित्रका सडक बाटोको उल्लेखनिय रुपमा स्तरोन्नती गरी कालोपत्रे समेत गरिएको छ। गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था एव सेवा केन्द्रहरुले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन्। निर्माण सामग्रीको मूल्य वृद्धि तथा अन्तराष्ट्रिय बजारमा देखिएको अस्थिरताका कारण केही आयोजनाको कार्यान्वयनमा चुनौती देखिए तापनि प्रारम्भ गरिएका सबै आयोजनालाई गुणस्तरीय रुपमा समयमै सम्पन्न गर्ने प्रतिबद्धता रहेको छ। आगामी दिनमा संघीय सरकार, प्रदेश सरकार तथा सम्बन्धीत निकायसँग आवश्यक समन्वय र सहकार्य गर्दै बाँकी आयोजनाहरुलाई पूर्णता दिइनेछ। नदी तटिय क्षेत्रमा मेसवायर निर्माण तथा विभिन्न ठाउँमा पक्की उच्च मचान निर्माण गरी वन्यजन्तुबाट हुने हानि नोक्सानीको न्यूनीकरण गर्दै स्थानीय नागरिकको सुरक्षा र कृषि संरक्षणको लागि कार्य गरिएको छ। शैक्षिक पूर्वाधार तर्फ विद्यालय भवन निर्माण, शौचालय निर्माण र सुरक्षित खानेपानी व्यवस्था गर्ने कार्य गर्दै आएका छौं। माध्यमिक तह कक्षा १२ सम्मको शिक्षालाई पूर्ण रुपमा निःशुल्क बनाएका छौं। सूचना प्रविधि मैत्री सिकाइ, ई-लर्निङ, र डिजिटल सामग्रीमा आधारित शिक्षण सिकाइ प्रणालीको अवलम्बन गरिएको छ। सो कार्यका लागि विद्यालयमा ICT ल्याव, सामग्री र उपकरणको वितरण तथा ब्यवस्थापनका कार्यक्रमहरुलाई क्रमशः विस्तार गरिरहेका छौं। छोरीहरुको पोषण तथा स्वास्थ्यमा सुधार गर्न **"छोरी बचाउ कार्यक्रम"** संचालन गरिएको छ। सुत्केरी स्याहार कार्यक्रम अन्तगर्त गाउँपालिकामा स्थायी बसोबास भएका प्रत्येक सुत्केरी महिलाहरुलाई

पोषण खर्च रकम रु. ५ हजार प्रदान गर्ने व्यवस्था गरिएको छ। वर्थिङ सेन्टरको सेवालाई विस्तार गरिएको छ। गर्भवति, प्रसुती तथा सुत्केरी अवस्थामा स्वास्थ्य सम्बन्धी जटिलता भई आर्थिक अभावका कारण बिशेषज्ञ सेवा प्राप्त अस्पतालमा जान एम्बुलेन्स सेवा लिन नसक्ने बिपन्न महिलालाई एम्बुलेन्स सेवा बापतको शुल्क गाउँपालिकाबाट भुक्तानी गर्ने कार्य गरिएको छ। विद्यालयमा स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रम संलाचन गर्न प्रत्येक माध्यमिक विद्यालयमा एक स्टाफ नर्सको व्यवस्था गरिएको छ। खाद्य सुरक्षा र पोषणलाई मध्यनजर गर्दै खाद्यन्न बालीको धानको विउ, विभिन्न तरकारीको विउ, कन्ये च्याउको विउ पालिका भरिका कृषक सदस्यहरुलाई वितरण गर्ने गरिएको छ। प्रत्येक वडामा पशु स्वास्थ्य प्राविधिको व्यवस्था गरि पशु सेवा सम्बन्धीका कार्यहरुलाई पनि प्रभावकारी बनाइदै गैइएको छ। यस गाउँपालिकाको कार्यालय, वडा कार्यालय, सेवा केन्द्र, स्वास्थ्य संस्था र सबै विद्यालयलाई ई-हाजिरी प्रणाली मार्फत जोडिएको छ। लैंगिक समानता तथा समाजिक समावेशीकरणका कार्यलाई विशेष प्राथमिकता दिदै सोही अनुसार बजेटको सुनिश्चित गरी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइएको छ। यसै क्रममा कोरियाली अन्तराष्ट्रिय सहयोग नियोग (KOIKA) को परियोजना मार्फत बर्दिया जिल्लामा सञ्चालन हुने कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक समन्वय र सहकार्यलाई प्राथमिकता दिएको छ। कृषि उत्पादन,मूल्य अभिवृद्धि,बजार विस्तार र कृषिमा आधारित उद्यम विकास मार्फत यस परियोजनाले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने, रोजगारी सिर्जना गर्ने र नागरिकको आय वृद्धि गर्ने महत्वपूर्ण अवसर प्रदान गर्ने विश्वास लिएका छौं।

प्रस्तावित आय र वास्तविक प्राप्तिबीचको अन्तर, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटमा आएको कमी र बढ्दो दायित्वका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापनमा चुनौती देखिएको छ। यस्तो परिस्थितिमा आन्तरिक आय वृद्धि, खर्चमा मितव्ययिता र स्रोतको प्रभावकारी उपयोगलाई आगामी आर्थिक बर्षको प्रमुख प्राथमिकताका रुपमा लिइएको छ।

**अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटका थप प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

- कृषि उत्पादन, उत्पादकत्व र बजारीकरणमा जोड दिने।
- युवालाई स्वरोजगार र उद्यमशीलतामा प्रोत्साहन गर्ने।
- सीपमूलक तथा रोजगारमुखी तालिम सञ्चालन गर्ने।
- गुणस्तरीय शिक्षा तथा प्रविधिमैत्री सिकाइ प्रणालीको विकास गर्ने।
- आधारभूत स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्ने।

- ❖ मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिने।
- ❖ खानेपानी तथा सरसफाइ सेवाको दिगो व्यवस्थापन गर्ने।
- ❖ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी प्रणाली सुदृढ गर्ने।
- ❖ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा दलित समुदायको सशक्तीकरण गर्ने।
- ❖ सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमलाई प्रभावकारी बनाउने।
- ❖ पर्यटन, संस्कृति तथा स्थानीय सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने।
- ❖ राजस्व सुधार तथा आन्तरिक स्रोत परिचालनलाई सुदृढ गर्ने।
- ❖ सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्ने।
- ❖ सार्वजनिक सेवा प्रवाहलाई छिटो, सरल र नागरिकमैत्री बनाउने।
- ❖ योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने।
- ❖ सडक, पुल लगायत अन्य भौतिक पूर्वाधारको मर्मत—सम्भारलाई प्राथमिकता दिने।
- ❖ सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र सार्वजनिक परीक्षणलाई नियमित गर्ने।
- ❖ डिजिटल अभिलेख व्यवस्थापन तथा ई-फाइल प्रणाली लागू गर्ने।
- ❖ कार्यसम्पादनमा आधारित कर्मचारी मूल्याङ्कन प्रणाली लागू गर्ने।
- ❖ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LGPAS सूचकमा सुधार गर्ने कार्यक्रम सञ्चालन गर्ने।

**आदरणीय सभा अध्यक्ष ज्यू**

**गाउँसभा सदस्य ज्यूहरु,**

- ➢ संविधानमा उल्लेखित संघीय प्रणालिमा राज्यको आर्थिक नीति, निर्देशक सिद्धान्त, लुम्विनी प्रदेश सरकारको नीति, दिगो विकासका लक्ष्य, स्थानीय सरकारको मर्म तथा गेरुवा गाउँवासीको मर्म, भावना, आवश्यकता माग, विषय क्षेत्रगत विज्ञ तथा सरोकारवाला संघ संस्था र व्यक्तिहरुको सुझाव र उपलब्ध सीमित साधन स्रोतको अधिकतम प्रयोग हुने गरी यो बजेट तयार गरेको छु।
- ➢ गाउँपालिकावासी जनताको आकांक्षा सम्वोधन गर्ने क्रममा सीमित बजेटबाट असीमित मागहरु पूरा गर्नु निश्चय नै सहज छैन। तथापि भरसक संविधानको परिधिभित्र रहेर गाउँपालिकाको आधारभूत तहको विकासमा टेवा पुग्ने र गेरुवाबासी जनताको जीवनस्तरलाई माथि उठाउने प्रकृतिका योजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरेको छु।
- ➢ योजनाविना गाउँको विकास सम्भव नहुने हुँदा गाउँपालिकाको दीर्घकालीन विकासको लागि तय गरिएको पाँच वर्षे आवधिक योजना, यातायात तथा पूर्वाधार विकास गुरुयोजना, भू-उपयोग नक्शाङ्कन र ठूला आयोजनाको विस्तृत परियोजना प्रतिवेदनका आधारमा क्रमागत आयोजनाका रुपमा सञ्चालन गर्ने नीतिलाई आत्मसाथ गर्दै बजेटको सुनिश्चित्ता गरेको छु।

- आर्थिक वृद्धि, सामाजिक न्याय, सुशासनको प्रत्याभूति, विकासमा दिगोपना लगायतका क्षेत्रमा रहेका थुप्रै चुनौतीलाई सम्वोधन गर्ने क्रममा गाउँपालिका वासीका जनआकाँक्षालाई संघीय सरकार र प्रदेश सरकारका कार्यक्रमहरुसँग समन्वय र साझेदारीमा समेत अगाडी बढ्ने गरी बजेटलाई परिलक्षित गरेको छु।
- "**समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार** "भन्ने मूल नारालाई मार्गदर्शक सिद्धान्तका रूपमा आत्मसात गर्दै आर्थिक समृद्धि, सामाजिक न्याय, सुशासन तथा दिगो विकास सुनिश्चित गर्ने उद्देश्यका साथ आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गरेका छौं।

**आदरणीय सभा अध्यक्ष ज्यू**
**गाउँसभा सदस्य ज्यूहरु,**
गेरुवा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तर्जुमा गर्दा लिईएका आधारहरु यस सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु। आगामी आर्थिक वर्ष २०८३/०८४ को योजना तथा कार्यक्रमहरु तयार गर्दा निम्न बमोजिमको आधारहरु लिइएको छ।

- नेपालको संविधानका व्यवस्था तथा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वहरू।
- संघ, प्रदेश तथा स्थानीय सरकारका प्रचलित कानुन, नीति तथा कार्यक्रमहरू।
- सोहौं योजना, दीर्घकालीन सोच तथा दिगो विकास लक्ष्य (SDGs) का उद्देश्यहरू।
- नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार तथा गेरुवा गाउँपालिकाका नीति, योजना र प्राथमिकताहरू।
- गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा क्षेत्रगत गुरुयोजनाहरू
- समावेशी विकास, सामाजिक न्याय तथा लैङ्गिक समानताको सिद्धान्त।
- सुशासन, पारदर्शिता, जवाफदेहिता तथा प्रभावकारी सेवा प्रवाहका मान्यताहरू।
- वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका विषयहरू।
- स्थानीय आर्थिक विकास, कृषि, पर्यटन, पूर्वाधार तथा रोजगारी सिर्जनालाई सम्बन्धी नीति।
- स्थानीय सरकार संस्थागत क्षमता मूल्याङ्कन प्रणाली )LGPAS) का सूचकहरू।
- विगतका कार्यक्रमहरूको उपलब्धि, सिकाइ र अनुभवहरू।
- उपलब्ध वित्तीय स्रोत, राजस्व क्षमता तथा बजेटको यथार्थ अवस्था।
- साझेदार संघ सस्था सँग भएका प्रतिवद्धताहरु

**आदरणीय सभा अध्यक्ष तथा सदस्यज्यूहरु**
**अब म यस गरिमामय गाउँ सभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु।**

आर्थिक बर्ष २०८३/०८४ को लागि रु. ५५ करोड १७ लाख ३० हजार रुपैयाँको बजेट प्रस्ताव गरेको छु ।

अब म आ.व. २०८३/०८४ का लागि पेश गरिएको बजेटको स्रोत पेश गर्दछु।

| **क.सं** | **शिर्षक** | **प्रस्तावित आय रु.** |
|---|---|---|
| **१** | **संघीय सरकार तर्फ** | **३५ करोड २५ लाख** |
| क | संघीय समानिकरण अनुदान | ११ करोड २५ लाख |
| ख | संघीय शसर्त अनुदान –चालु | २० करोड ४७ लाख |
| ग | संघीय शसर्त अनुदान –पूँजिगत | २८ लाख |
| घ | संघीय विशेष अनुदान  पूँजीगत | १ करोड ५० लाख |
| ङ | संघीय समपुरक अनुदान –पूँजिगत | १ करोड ७५ लाख |
| **२** | **प्रदेश सरकार तर्फ** | **२ करोड ७३ लाख १४ हजार** |
| क | प्रदेश समानिकरण अनुदान | ७८ लाख १४ हजार |
| ख | प्रदेश शसर्त अनुदान — चालु | १० लाख |
| ग | प्रदेश शसर्त अनुदान — पूँजिगत | १ करोड १० लाख |
| घ | प्रदेश समपुरक अनुदान– पूँजिगत | ७५ लाख |
| **३** | **राजश्व बाँडफाँड** | **११ करोड ३५ लाख ६३ हजार** |
| क | संघीय सरकार राजश्व बाँडफाँड | १० करोड ९ लाख ५० हजार |
| ख | प्रदेश सरकार राजश्व बाँडफाँड | १ करोड ६ लाख १३ हजार |
| ग | स्थानीय सरकार राजश्व बाँडफाँड | २० लाख |
| **४** | **आन्तरिक स्रोत** | **५ करोड ८३ लाख ५३ हजार** |
| क | आन्तरिक आय | १ करोड २२ लाख |
| ख | बैंक मौज्दात | ४ करोड ६१ लाख ५३ हजार |
| **आर्थिक वर्ष २०८३/०८४ मा जम्मा आय अनुमान** | | **५५ करोड १७ लाख ३० हजार** |

**यस मध्ये कुल बाँडफाँट गर्न मिल्ने रकम रु. २९ करोड २२ लाख ३० हजार रहेको छ।**

अब म बजेटको क्षेत्रगत विनियोजन प्रस्तुत गर्दछु। हामिले बाँडफाँट गर्न मिल्ने बजेटलाई कार्यालय संचालन तथा प्रशासनिक खर्च, ५ वटा बिषयगत क्षेत्र र ६ वटा वडा कार्यालय अनुसार छुट्याएर प्रस्तुत गरेका छौं। जुन यस प्रकार रहेको छः

**आर्थिक वर्ष २०८३/०८४ को कुल व्ययको अनुमान**

| **क.सं** | **शिर्षक** | **बजेट सिमा** |
|---|---|---|
| **१** | **कार्यालय संचालन तथा प्रशासनिक खर्च** | **१२ करोड १० लाख** |
| **२** | **विषयगत समितिहरु तर्फ** | |
| क | आर्थिक विकास समिति | १ करोड २१ लाख |
| ख | सामाजिक विकास समिति | ५ करोड ३३ लाख |

| | | |
|---|---|---|
| ग | सुशासन तथा संस्थागत विकास समिति | १४ लाख |
| घ | पूर्वाधार विकास समिति | ८ करोड २३ लाख |
| ङ | वातावरण तथा विपद व्यवस्थापन समिति | ४५ लाख |
| **३** | **वडा कार्यालयहरु तर्फ** | **१ करोड ७६ लाख ३० हजार** |
| क | वडा नं १ | ३० लाख ८० हजार ७ सय ५० मात्र |
| ख | वडा नं २ | २२ लाख ४२ हजार ४ सय ९० मात्र |
| ग | वडा नं ३ | २४ लाख ३६ हजार २ सय २ मात्र |
| घ | वडा नं ४ | ३१ लाख १९ हजार २ सय ८५ मात्र |
| ङ | वडा नं ५ | ३२ लाख ८६ हजार ३ सय ४३ मात्र |
| च | वडा नं ६ | ३४ लाख ६४ हजार ९ सय ३० मात्र |
| ४ | संघीय सरकारको शसर्त अनुदान | २० करोड ७५ लाख मात्र |
| ५ | संघीय सरकारको विशेष अनुदान | १ करोड ५० लाख मात्र |
| ५ | प्रदेश सरकारको शसर्त अनुदान | १ करोड २० लाख मात्र |
| ६ | संघीय सरकारको समपुरक अनुदान | १ करोड ७५ लाख |
| ५ | प्रदेश सरकारको समपुरक अनुदान | ७५ लाख |
| **जम्मा व्यय** | | **५५ करोड १७ लाख ३० हजार** |

## १. सामाजिक विकास क्षेत्रः

सामाजिक विकास क्षेत्रलाई नागरिकको जीवनस्तर सुधार, गुणस्तरिय सेवा प्रवाह र मानव पुँजी विकासको आधारका रुपमा लिँदै आगामी आर्थिक वर्षका लागि यस क्षेत्रमा गाउँपालिकाले बाडँफाँट गर्न मिल्ने बजेटबाट रकम रु. ५ करोड ३३ लाख विनियोजन गरेको छु।

### १.१ शिक्षाः

शिक्षा क्षेत्रलाई मानव स्रोत विकासको प्रमुख आधारका रुपमा लिँदै यस क्षेत्रका लागि बाँडफाँट गर्न मिल्ने बजेटबाट रकम रु. ४ करोड १५ लाख र संघीय सरकारबाट वित्तीय हस्तान्तरण भै प्राप्त भएको रकम रु. १६ करोड ३५ लाख गरी जम्मा २० करोड ५० लाख विनियोजन गरेको छु। शिक्षा क्षेत्रका प्रमुख कार्यक्रमहरु देहाय अनुसार रहेका छन्:

- सामुदायिक विद्यालयमा संघीय अनुदान तर्फको अपुग दरबन्दीलाई पालिकाबाट थप गरी गाउँपालिका अनुदान तर्फ शिक्षक र कर्मचारी व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

- नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम सामुदायिक विद्यालयको कक्षा १२ सम्मको निशुल्क शिक्षा कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि रु. ५५ लाख ९५ हजार विनियोजन गरेको छु।
- सामुदायिक विद्यालयमा संचालन हुने स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रम संचालन गर्न **एक मा. वि. एक स्टाफ नर्स** कार्यक्रम कार्यान्वयनका लागि रु.२१ लाख ३० हजार विनियोजन गरेको छु।
- **पढ्दै कमाउदै** कार्यक्रमलाई निरन्तरता दिदैं यस आ.व.का लागी रु.४ लाख विनियोजन गरेको छु।
- गाउँपालिका उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थी प्रोत्साहन एवम् सम्मान कार्यक्रमलाई निरन्तरता दिंदै रु. ५ लाख रकम विनियोजन गरेको छु।
- अभिभावक शिक्षा र पढाई कुना कार्यक्रमलाई निरन्तरता दिदै पढाइ कुना निर्माण र ब्यवस्थापनमा अभिभावकलाई सचेत एवम् जिम्मेवार बनाइने नीति अनुरुप ३ लाख ५० हजार बजेट विनियोजन गरेको छु।
- विद्यालयहरुको वातारणलाई स्वच्छ, सफा र हरियाली बनाउन फुलबारी/गार्डेन निर्माण जस्ता **"हरित विद्यालय कार्यक्रम"** कार्यान्वयनलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।
- अध्यक्षकप लगायतका खेलकुद गतिविधिहरु संचालनको लागि रकम रु. १५ लाख विनियोजन गरेको छु।

**१.२ स्वास्थ्य तर्फः**

स्वास्थ्य सेवा नागरिकको जीवन स्तरसँग प्रत्यक्ष जोडिएको विषय भएकोले यस क्षेत्रलाई उच्च प्राथमिकतामा राखिएको छ। स्वास्थ्य सेवामा बाँडफाँट मिल्ने बजेटबाट रकम रु. ८२ लाख र संघीय सरकारबाट स्वास्थ्यकर्मीहरुको तलब भत्ता र आयुर्वेद औषधालयको संचालन खर्च समेत प्राप्त भएको रकम रु. ३ करोड ३० लाख गरी जम्मा ४ करोड १२ लाख विनियोजन गरेको छु। गाउँपालिकाबाट तय गरिएका यस क्षेत्रका प्रमुख कार्यक्रमहरु यस प्रकार रहेका छन्:

- मातृ तथा बाल मृत्युदर घटाउन, मातृ पोषणमा टेवा पुऱ्याउन, स्वास्थ्य संस्थामा प्रसुति सेवा लिएका सुत्केरी महिलाहरूलाई पोषण खर्चको लागि रु. १८ लाख बिनियोजन गरिएको छ।
- गाउँपालिकाबाट खरिद गर्न पाउने निःशुल्क औषधि खरिदका लागि रु. १९ लाख विनियोजन गरेको छु।
- बाल मृत्युदर घटाउन खोप तथा पोषण सम्बन्धी गतिबिधि सन्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

- नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्या लाई न्यूनीकरण गर्ने कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणालीलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन हुने व्यवस्था गरेको छु।

**१.३ महिला, बालबालिका तथा समाज कल्याणः**

आर्थिक र सामाजिक रूपमा पछाडि परेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, मुक्तकमैया, कमलरी, सुकुम्बासी, द्वन्द्वपीडित, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत, पिछडा वर्ग र जोखिममा रहेका समुदायको संरक्षण, सशक्तीकरण र सम्मानजनक जीवयापन सुनिश्चित गर्न विभिन्न कार्यक्रम संचालनको लागी जम्मा रकम रु. २० लाख र छोरीहरूको पोषण स्वास्थ्यमा सुधार ल्याउन छोरी बचाउ कार्यक्रमका लागि रु. ६ लाख गरी जम्मा २६ लाख बिनियोजन गरेको छु ।

**२. आर्थिक विकास क्षेत्रः**

आर्थिक बिकास क्षेत्रका लागि रु. १ करोड २१ लाख बजेट प्रस्ताव गरेको छु।

**२.१ कृषिः**

गेरुवा गाउँपालिकामा ९० प्रतिशत भन्दा बढी नागरिकहरु कृषि क्षेत्रमा आवद्ध रहेका र गाउँपालिकाको अधिकांश भुमी कृषि उत्पादनको लागि उर्वर रहेको छ।

- कृषि उत्पादनको लागत घटाउन र उत्पादन बढाउन ५० प्रतिशत अनुदानमा कृषि साना यन्त्रिकरण वितरण गर्न ३७ लाख ६५ हजार विनियोजन गरिएको छ।
- स्थानीय कृषि उपजको उत्पादनमा वृद्धि र निर्यात प्रवर्द्धन गर्न किसानहरुलाई खाद्यान्न बालीको उन्नत जात तथा हाईव्रिड तरकारी र च्याउको बीउ वितरण कार्यलाई निरन्तरता दिदैं आवश्यक बजेट विनियोजन गरेको छु।

**२.२ पशुसेवाः**

- कृषकहरुलाई सहज र सरल तरिकाले आहार व्यवस्थापनको लागि ५० प्रतिशत अनुदानमा दाना पिस्ने मेसिन र च्यापकटर मेसिन वितरण गर्न रकम रु. ८ लाख ५० हजार विनियोजन गरेको छु।
- गाउँपालिका अन्तर्गत रहेका घरपालुवा तथा सामुदायिक कुकुरको बन्ध्याकरण र खोप कार्यक्रम संचालनको लागी आवश्यक बजेट विनियोजन गरेको छु।

**३. वन तथा विपद् व्यवस्थापन क्षेत्रः**

गेरुवा गाउँपालिका बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने भएकोले यहाँ प्राकृतिक तथा मानव वन्यजन्तु द्वन्द्वजन्य विपद्को जोखिम उच्च रहेको छ। तसर्थ विपद् व्यवस्थापन

सम्बन्धी कार्यक्रम गर्न, विपद् मा परेमा नागरिकहरुलाई आर्थिक सहायता वितरण गर्न र प्रकोप व्यवस्थापन कोष समेतका लागी रकम रु. ४५ लाख विनियोजन गरेको छ।

- शव बहान र शव संरक्षण फ्रिजर बक्स खरिद तथा व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छ।
- प्रदेश सरकारबाट दमकल खरिदको लागि रकम रु. ८५ लाख प्राप्त भएकोले आगामी आर्थिक बर्षमा दमकल खरिद गरी संचालनमा ल्याइने छ।

**४. पूर्वाधार विकास क्षेत्रः**

- बहुवर्षीय रुपमा संचालनमा रहेका विभिन्न योजनाहरु आ.व.२०८३/०८४ मा सम्पन्न गर्नको लागि क्रमागत योजना का लागी रु. ५ करोड १८ लाख बिनियोजन गरेको छ।

❖ जस अन्तर्गत मैलानाला विजयपुनको घर नजिक राजापुर जोड्ने पुल निर्माणमा १ करोड ७ लाख रुपैयाँ विनियोजन गरेको छ।

❖ बनकट्टी मन्दिर देखि लोहारपुर जाने बाटो स्तरउन्नती कार्य सम्पन्न गर्न रु. १ करोड ३ लाख बिनियोजन गरेको छ।

❖ खोनपुर समुह घरदेखि मैनापोखर सडक कालोपत्रे निर्माणका लागि ७२ लाख बिनियोजन गरेको छ।

❖ चालु आ. व. मा गाउँपालिका कार्यालयको लागि जेनेरेटर खरिद सोको लागि विनियोजन गरेको रकम क्रमागत कार्यक्रमको रुपमा आगामी आ व को लागि रु. २५ लाख बिनियोजन गरेको छ।

❖ अन्य क्रमागत योजनाहरु कार्यान्वयनको लागि रु. २ करोड ११ लाख विनियोजन गरेको छ।

- संघ, प्रदेश तथा अन्य साझेदार संघ/संस्थाहरुसँग सहकार्य गर्न विभिन्न योजनाहरुको लागि समपुरक म्याचिङ शिर्षक अन्तर्गत रु. ३ करोड ५ लाख विनियोजन गरेको छ।

❖ जस अन्तर्गत खुटेहना देखि भैरमपुर, प्रशेनी देखि बेलभरिया हुँदै राजापुर ५ जोड्ने सडक र भट्टराई चोकदेखि राजापुर जोडीसिमलसम्म सडक कालोपत्रे (क्रमागत) योजनाको लागि रु. १ करोड ५ लाख बिनियोजन गरेको छ।

❖ त्यसैगरी जितराम थारुको घरदेखि त्रिवेणी चोक ३ नं वडा कार्यालयको बाटो र राधेराधे मिल देखि झोलुङ्गे पुल सम्म सडक कालोपत्रे योजना (क्रमागत)को लागि रु.४० लाख बिनियोजन गरेको छ।

❖ भठेरा देखि सरखोल हुँदै बनखेतसम्म छुलछुले घाट देखि उल्टनपुरगाउँ हुँदै राजीपुरसम्म सडक कालोपत्रे योजना (क्रमागत)को लागि रु.३५ लाख बिनियोजन गरेको छ।

- आगामी आ.व.२०८३।०८४ का लागी खोनपुर चोक देखि मैनापोखर चोक, बन्जरिया दिलप्रकाश थारुको घर देखि स्याउलीबजार जाने बाटो कालोपत्रेमा संघीय समपुरक अनुदानमा ७० लाख प्राप्त भएकोमा सोको सतप्रतिशत पालिकाबाट विनियोजन गरेको छु।
- संघीय विशेष अनुदान तर्फ गेरुवा गाउँपालिका अन्तर्गत सम्पुर्ण वडाहरुमा जङ्गली जनावरबाट प्रभावित विपन्न समुदायहरुको लागि नमूना आवास निर्माणको लागि रु. १ करोड ५० लाख अनुदान प्राप्त रकमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।
- प्रदेश शसर्त अन्तर्गत गेरुवा गाउँपालिका ४ तीनघरुवा स्कुल चोकदेखि खल्लागाँउ जाने बाटो कालोपत्रे निर्माणको लागी प्राप्त २५ लाख अनुदान रकम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

**५. सेवा प्रवाह तथा सुशासन क्षेत्रः**

- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासको लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा नागरिक संवाद जस्ता कार्यक्रमहरु नियमित सञ्चालन गरी सुशासन प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

**६. कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च**

- करार सेवामा कार्यरत कर्मचारीहरुको मनोबल अभिवृद्धि गर्न योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाका लागि आवश्यक फर्निचर, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन, प्रोजेक्टर लगायतका उपकरण खरिद तथा मर्मत एवं सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**वडा तर्फ -**

- गाउँपालिकाको वडा तर्फ विभिन्न कार्यक्रम तथा योजनाहरु कार्यान्वयनका लागि रु.१ करोड ७६ लाख ३० हजार विनियोजन गरेको छु।

**आदरणीय सभा अध्यक्ष ज्यू**
**गाउँसभा सदस्य ज्यूहरु,**

अन्त्यमा, प्रस्तुत विनियोजित बजेटले गेरुवा गाउँपालिकाको गाउँसभाको २०औं अधिवेशनको पहिलो बैठकबाट पारित नीति तथा कार्यक्रमले निर्धारण गरेका लक्ष्य, उद्देश्य तथा अपेक्षित उपलब्धिहरू हासिल गर्न सहयोग पुग्ने तथा समग्र गाउँपालिकाको दिगो विकास, सुशासन र समृद्धिमा टेवा

पुऱ्याउने विश्वास व्यक्त गर्दछु। सम्पूर्ण गेरुवावासी जनताको सहभागीतामा र गाउँपालिकाको कर्मचारीहरुको साथ, सहयोगबाट बजेटको पूर्ण कार्यान्वयन हुने अपेक्षा गरिएको छ। प्रस्तुत बजेट तर्जुमाका क्रममा मागदर्शन र अमूल्य सुझाव प्रदान गर्नुहुने श्रद्धय गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँ सभा सदस्य ज्यूहरु, विषयगत समितिहरु, वडा समितिहरु, राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक सम्मान एवं आभार व्यक्त गर्दछु।

अन्त्यमा, सम्पूर्ण गेरुवाबासी आदरणीय आमाबुवा—, दाजुभाइ तथा दिदीबहिनीहरूलाई "समृद्ध र समुन्नत गेरुवा, सुखी गेरुवावासी "निर्माणको अभियानमा एकजुट भई हातेमालो गर्न हार्दिक आह्वान गर्दछु। यस अभियानलाई सफल बनाउन सहयोग पुऱ्याउनुहुने सम्पूर्ण जनसमुदाय, जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी तथा सरोकारवाला सबैप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

धन्यवाद।

लक्ष्मी कुमारी चौधरी

उपाध्यक्ष

गेरुवा गाउँपालिका, बर्दिया।